मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# बुद्ध दर्पण

राष्ट्रिय दैनिक

The Buddha Darpan National Daily




वर्ष ९ अंक १५२ | ६ पुस २०८० शुक्रबार | 22 December 2023 Friday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

## ज्यान गुमाउने प्यालेस्टिनीको संख्या २० हजार नाघ्यो



एजेन्सी ५ पुस

इजरायलको आक्रमणका कारण गाजामा ज्यान गुमाउने प्यालेस्टिनीको सत्_या २० हजार जना नाघेको छ ।गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले गएको अक्टोबर ७ तारिखदेखि अहिलेसम्म २० हजार जनाको ज्यान गएको बताएको बीबीसीले जनाएको छ।

ज्यान गुमाउनेमध्ये आठ हजार जनाभन्दा धेरै बालबालिका रहेका छन् । अझै चार हजार नौ सय जनाभन्दा धेरै बेपत्ता रहेका खबरमा उल्लेख छ। यस्तै नौ हजार जना घाइते भएका छन् ।

सात दिने युद्धविरामबाहेक द्वन्द्व शुरु भएदेखि दैनिक औसतमा तीन सय जनाको ज्यान गएको छ। विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का क्षेत्रीय आपत्कालीन निर्देशक रिचर्ड ब्रेननले मृतकको सत्_या अझै धेरै हुन सक्ने बताउनुभएको छ । गाजाका डाक्टरहरूले कुनै पनि युद्ध क्षेत्रमा मृतकको गणना गर्नु चुनौती भएको भन्दै मृतकको संख्या उल्लेखनीयरूपमा बढी हुने सम्भावना रहेको बताएका छन् ।

गाजामा ध्वस्त भएका भवनहरूको भग्नावशेषमुनि गाडिएका वा अस्पतालमा नपुगेका शवहरू निकाल्नै बाँकी छ।

यस्तै इजरायलतर्फ झन्डै १२ सय जनाको ज्यान गएको छ ।गएको अक्टोबर ७ तारिखमा हमासले इजरायलमा सयौँ रकेट आक्रमण गरेपछि इजरायलले जवाफी कारबाही गरिहेको छ। गाजा क्षेत्र लगभग ध्वस्त भएको छ।

औषधि, खाना, पानी, बासलगायतको चरम अभाव छ। संयुक्त राष्ट्र सङ्घले अहिले गाजामा देखिएको जस्तो भयावह अवस्था र अमानवीयता संसारमा अन्त देख्न मुस्किल भएको जनाएको छ।

## गरि खाने दक्ष जनशक्ति उत्पादनमा जनता मावि

**हरि घिमिरे**
कपिलवस्तु ५ पुस



कपिलवस्तु बाणगङ्गा नगरपालिकाको जनता माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत छात्र, छात्राहरू विद्यालयमा पढाइसँगै कृषिमा पनि आबद्ध छन् ।

विद्यालयले सुरु गरेको ‘पढ्दै कमाउँदै कार्यक्रम’ अन्तर्गत उनी पढाइसँगै कृषिमा पनि आबद्ध भएका हुन् । कृषिमा आबद्ध उनीहरूले पढाइ खर्च पनि यसैबाट जुटाइरहेका छन् भने विद्यालयमा सिकेको आधुनिक कृषिको सीप बुबा - आमालाई पनि सिकाउन पाएका छन् । यतिबेला जनताका विद्यार्थीलाई च्याउ बेच्न भ्याइ न भ्याइ छ । एक साता अगाडिदेखि च्याउ उत्पादन सुरु भएको उनीहरूले बताए। कोही च्याउ टिप्ने, पानी छर्किने गर्छन्। केही विद्यार्थीलाई च्याउ बेच्ने जिम्मेवारी रहेको छ। विद्यालयको गेट नजिक च्याउ बिक्री केन्द्र राखिएको छ। केन्द्रमा बिक्री नभएको च्याउ बजारमा पुग्छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ‘पढ्दै कमाउँदै’ कार्यक्रम लागू भएपछि कृषि गरेर पढाई खर्च जुटेको कक्षा १० मा अध्ययनरत सुस्मा पालले बताइन । उनले भनिन् “घरमा आमा बुबाको खेतमा काम गर्न आग्रह गर्दा पढ्नु छ भनेर बहाना गर्ने गरेको थिएँ ।” विद्यालयमा खेती गर्न लागेपछि कृषि कार्यमा रुचि बढेको उनले बताइन । शिक्षक र साथीसँग मिलेर तरकारी र च्याउ उत्पादन गरेपछि कृषि प्रति उत्सुकता जागेको पालले सुनाईन। पालले विद्यालयमा सिकेको सीप घरमा बुवा आमालाई सिकाउने गरेको बताइन । विद्यालयमा तीन वर्षदेखि यो कार्यक्रम सञ्चालन भएको प्रधानाध्यापक रमेश पन्थीले बताए । उनले शिक्षालाई आयआर्जनसँग जोड्न सके परनिर्भरता हट्ने र स्वदेशमै दक्ष जनशक्ति उत्पादन गर्ने गरी विद्यालयले कार्यक्रम अघि बढाएको बताए।

‘हामी शिक्षालाई व्यावहारिक बनाउन चाहन्छौं’, उनले भने, ‘पढेर विदेश जाने बाध्यतालाई अन्त्य गर्न विद्यालयबाटै गरिखाने दक्ष जनशक्ति उत्पादन गरी स्वदेशमै काम गर्ने वातावरण तयार गर्ने विद्यालयको लक्ष्य हो।’

आवेदन फर्म भरेका २२ जना विद्यार्थी कार्यक्रमका लागि छनोट भएका छन्। करिब तीन बिघा जग्गामा खेती गरिएको छ। दुई बिघा जग्गामा अघिल्लो वर्ष लगाइएको बेसार पाकेर खन्ने बेला भएको छ। यो वर्ष दुई कठ्ठामा लसुन लगाइएको छ। एउटा टनेलमा च्याउ खेती गरिएको छ। अर्को टनेलमा च्याउ उत्पादन गर्न तयारीमा राखिएको छ। थप दुई टनेलमा टमाटर र खुर्सानी लगाइएको छ। कार्यक्रम सञ्चालनका लागि पाँच लाख रुपियाँ अनुदान स्वरूप आएको विद्यालयका शिक्षक विक्रम बेल्बासेले बताए। विद्यार्थीले काम सिक्ने, बजारीकरण गर्ने र श्रमको सम्मान गर्ने सीपको समेत विकास भएको छ । कार्यक्रममा सहभागी विद्यार्थीले मासिक दुईदेखि तीन हजार रुपियाँ आम्दानी गरेका छन् । उक्त रकम शैक्षिक सामग्री खरिद र पढाई खर्च जुटेको छात्र विनोद भुसालले बताए ।विद्यार्थीले ‘पढ्दै कमाउँदै कार्यक्रम’ मार्फत् कृषि गर्दै आएका छन् । जुन नेपालकै पहिलो नमुना कार्यक्रम हो त्यसबाट हुने आम्दानी विद्यार्थी आफ्नो शिक्षामा खर्च गर्दै आएका छन्।

## बुटवल-गोरुसिङ्गे सडक बिस्तारका लागि ठेक्का आह्वान

कपिलवस्तु ५ पुस




पूर्व-पश्चिम राजमार्गको बुटवल-गोरूसिंगे सडक खण्ड बिस्तारका लागि बोलपत्र आह्वान भएको छ । सडक विभाग अन्तर्गतको वैदेशिक महाशाखाले यो आयोजनाकोपहिलोखण्डकोडेडिकेटेड चारलेनका लागि टेण्डर आह्वान गरेको हो। यो सडक खास ठाउँमा आठ लेन, ६ लेन, अण्डरपास र ओभरपास समेतमा स्तरोन्नती हुनेछ ।पहिलो खण्ड बुटवलदेखि गोरुसिङ्गेसम्म ५० किलोमिटरसम्को डिजाइन सम्पन्न भएर ठेक्का आह्वान गरिएको विकास सहायता कार्यान्वयन महाशाखाका सीडीई त्रिलोकनाथ घिमिरेले बताए ।आयोजना प्रमुख राधिका प्रजापति श्रेष्ठका अनुसार यो सडक निर्माणका लागि एडीबीसँगको समन्वयमा डीपीआरको काम सम्पन्न भएको थियो । आयोजनाले पहिलो खण्डलाई पनि दुई खण्डमा विभाजन गरी ठेक्का प्रक्रिया अगाडि बढाएको हो । यो सडकको पहिलो खण्ड बुटवलदेखि गोरुसिङ्गेसम्म ५० किलोमिटरको दुरीमा छ। यसलाई दुई खण्डमा गरी ठेक्का आह्वान गरिएको उनले बताइन्।

यो पहिलो खण्डको सडक विस्तारमा लगभग ३० वटा सानाठूला पुलहरु पनि निर्माण हुने उनले बताईन् । यस्तै विभिन्न स्थानहरुमा १५५ वटा कल्भर्टहरु र ६ वटा अन्डरपास र ओभरपासहरु पनि निर्माण हुनेछन् । यस्तै ठेक्का लगाएको ३ वर्षभित्र निर्माण सक्ने गरी ठेक्का सम्झौता प्रक्रिया अगाडि बढ्ने श्रेष्ठले बताईन् ।सरकारले पूर्व-पश्चिम राजमार्ग विस्तारको कामलाई प्राथमिकतामा राख्दै यो वर्षको लागि ३० अर्बभन्दा बढी बजेट छुट्याइएको छ। यो खण्डको आयोजनाको लागि भने ३ अर्ब रुपैयाँ बजेट छुट्याइएको आयोजनाले जनाएको छ।

पुर्व अर्थमन्त्री समेत रहेका एमाले उपाध्यक्ष विष्णु पौडेलले यो सडक बिस्तारको परिकल्पना गरेका थिए। टेण्डर आह्वान भएसँगै सामाजिक सञ्जालमा लामो स्टाटश लेख्दै उनले सडक बिस्तारका लागि टेण्डर आह्वान हुनु खुशीको विषय भएको बताएका छन्।

## नेम्वाङ जस्तै स्वभावका थिए स्व. भेषराज शर्मा खनाल



कपिलवस्तु ५ पुस

नेकपा एमाले जिल्ला सदस्य तथा बुद्धभुमि नगरपालिका वडा नम्बर २ का पुर्व अध्यक्ष स्व भेषराज शर्मा खनालको शोक सभा सम्पन्न भएको छ। एमाले कपिलवस्तु जिल्ला कमिटिले आयोजना गरेको शोक सभामा बोल्दै एमाले केन्द्रीय सदस्य वृजेश कुमार गुप्ताले स्व खनालले दिएको ईमान्दारिताको बाटोमा सबै लाग्नु पर्ने बताउनु भयो। उहाँ सँग भेट्दा सधै वडाको विकासको लागि कुरा गर्ने गुप्ताले बताउनु भयो। पुर्व कानुन मन्त्रि समेत रहनु भएका गुप्ताले शर्माले उहाँ को परिवार प्रति श्रद्धासुमन प्रकट गर्नु भएको थियो।

एमाले केन्द्रीय लेखा आयोग उपाध्यक्ष विष्णु पन्थिले स्व शर्मा एक सच्चा कम्युनिष्ठ नेता रहेको बताउनु भयो । जनप्रतिनिधि हुँदा सबैलाई मिलाएर लैजाने खुबि रहेको शर्माको निधनले बुद्धभुमिलाई शून्य बनाएको पन्थिले बताउनु भयो।

शोक सभाको,समापन गर्दै एमाले जिल्ला अध्यक्ष डम्मर शर्माले स्व खनाल सबैको साझा व्यक्तित्वको रुपमा परिचित हुनु भएको बताउनु भयो । उहाले जिवित हुँदा गरेका योगदान अविश्मरणिय रहेका छन् । सबै जातजाति, भाषाभाषी, दल , लिङ्ग तथा समुदायले उहाँको ईमान्दारिताको कदर गरेको बताउनु भयो ।शोक सभामा बोल्दै एमाले बरिष्ठ नेता झविलाल पोखेलले स्व खनालको ईमान्दारिता र शालिन व्याव्हारको कारण सबैको प्यारो हुनु भएको बताउनु भयो। शोक सभामा समाजसेवि बिष्णुहरि शर्मा , नेपाली काँग्रेसका नेता पदम खनाल ले स्व शर्माले गरेका योगदानको चर्चा गर्दै उहाँ नेम्वाङ जस्तै स्वभाव रहेको बताउनु भएको थियो। शोक सभाका एमाले केन्द्रिय सल्लाहकार ईन्द्रमणि पौडेल, लुम्विनि प्रदेश सभा सदस्य अर्जुन केसि, एमाले लुम्विनि प्रदेस कमिटि सदस्य दृघनारायण पाण्डे, नेत्रराज अधिकारी, धनु अधिकारी , खुम प्रसाद आचार्य , धर्म भुसाल, दोर्णराज सुवेदी, धर्मबहादुर श्रीवास्तव, शारदा शर्मा चन्द्रा भट्टराई, लाल बहादुर सुनार, एमाले बरिष्ठ नेता बावुराम खनाल, नेपाली काँग्रेस नेता हिमलाल न्यौपाने लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन एमाले जिल्ला सचिव सिवि गहतराज र जिल्ला सचिवालय सदस्य पिताम्वर खनालले स्व खनालको जिवनी सुनाउनु भएको थियो।

## सम्पादकीय

### विकल्पहीन बन्दै विप्लव !

समाजवादी मोर्चामा सामेल हुँदा वित्तिकै सवै समस्या समाधान हुन्छ भन्ने लागेको थियो होला केही समय पहिलेसम्म । त्यो मोर्चामा रहेका अरु सवै भ्रष्ट र दुष्ट छन्, हामी मात्रै चोखा छौं भन्ने आत्मरति पनि हुँदो हो । माओवादी, माधववादी, मधेशवादी र विप्लववादीको मोर्चा कतिञ्जेललाई होला, भन्ने थियो नेपाली राजनीतिक रङ्गमञ्चलाई पनि । त्यो मोर्चामा पनि विश्वास हट्न थालेजस्तो छ सवैलाई । आफुलाई किनारमा राखेर उपेन्द्रलाई अंगालो मार्दा विच्किएका बाबुराम विस्तारै बाहिर परे पनि भित्रै रहेको भ्रममा पार्न सफल भए प्रचण्ड । एउटालाई तानेर अर्कोलाई हानेर, बाठो बन्न खोज्नेलाई पालैपालो पछारेर, बिरालाले मुसा खेलाएझैं खेलाएर, यताको न उताको बनाएर, अन्तिममा आफ्नै पछि लगाएर हिडाउने र भिडाउने बानीको शिकार धेरै भए पहिले, हुँदैछन् अहिले पनि । प्रचण्ड प्रधानमन्त्री भएकै बेलामा अदालतलाई प्रयोग गरेर पक्राउ पूर्जी जारी गरेपछि बल्ल होस् खुलेजस्तो देखिदैछ विप्लवमा । जोडिन र छोडिन नसक्ने उनको बाध्यता आफ्नै ठाउँमा होला । हरेक सरकारले विरोधीलाई बदलेर आफ्नै पछि लागाउने प्रपञ्च रच्छ नै । पहिले ओली सरकारले रच्यो, फँसायो र पछि लगायो । एक वर्षयता प्रचण्ड सरकारले पनि उही रवैया अपनाएर किनारतिर जगेडामा राख्ने प्रयास गरेको छ । राजनीतिमा जस्ले सक्छ, उस्ले गर्छ । नसक्ने पछि पर्छ । जता जाँदा पनि पछि परेको विषय बल्ल बुझ्जेजस्तो छ विप्लवले । बाटो अर्कोतिर सोझ्याएर जाँदा पनि कसै न कसैको पछि लाग्न पर्ने बाध्यता नबुझेको नहोला । यसपछिको बाटो कतातिर सोझिएला ?

प्रचण्डको प्रशंसामा समय खर्चे यतिञ्जेल । अब फेरि आलोचनामा खर्चिन पर्ने अवस्था आउला जस्तो छ । विद्रोहमा गएर, विजयी भएर सम्मानित हुने सम्भावना देखिदैन । विचार मिल्ने नाममा पछि लागेर जाँदा पनि उपाय नभएर आएको मान्न थालेपछिको पीडा होला । न संसदवादी नै बन्न सके, न विद्रोहमा नै टिके । अब झन् पेलिन्छन् नयाँ निहुँ झिके । बैघहरु सहित अरु छरिएर रहेका नजिकका हिजोका सहयात्रीलाई विप्लवले गन्दैनन् । संसदवादीसंग मिल्न जाने बाटो बनाउन थाल्दा पनि रायमाझी र बादल बन्न हतारिएको आरोप आइलाग्छ । महरा र पुनले सुन ओसार्दा आफुहरुले उन र नुन पनि नपाएको पिरलोले सताउँदो हो । एकबारको जुनी जे गर्दा पनि नहुनी भन्ने लाग्दो हो । बाटो विराएपछिको समस्या हो यो र हो धेरै बाठो र टाँठो बन्न खोज्दाको विजोग पनि ।

शिवगढीमा सुन फलाउने जादूको छडी नहोला । केन्द्रीय समितिको बैठक बोलाउँदै, प्रतिवेदन पास गराउँदै जाँदा अबको बाटो जे भनिएला, कतिदिन टिक्ला त्यो ? समाजमा आक्रोशको आकार बढेर विद्रोहको बाटो नजिकिदो छ । अगाडि बढ्ने भन्दा पछाडि फर्कनेलाई दक्षिण दाहिना देखिदैछ । संघीयताको सकस र धर्मनिरपेक्षताका नाममा प्राप्त बकसको मिति पुगेजस्तो छ । परम्परागत कम्युनिष्ट विचारको बढोत्तरी छैन । क्रान्ति र परिवर्तनप्रतिको विश्वास बँचेको भेटिदैन । यस्तो अवस्थामा कस्तो राजनीतिले बाजी मार्ला भन्न सकिदैन । सत्ता र भत्ता बाहिर रहेर पनि विश्वास बढाउन सकेनन विप्लवले ।

# संकल्प यात्रामा जे देखियो



नीति, विचार, सिद्धान्त, उद्देश्य र कार्यक्रम नभएकाहरूले एकछिन त जनतालाई भ्रमित गर्लान् तर उनीहरूबाट देशको नेतृत्व सम्भव छैन भन्ने कुरा स्वयम् जनताले महसुस गरेको अनुभूति भयो ।



सिमलाल भट्टराई

नेपाली राजनीतिमा तरंग पैदा गर्ने लामो यात्रा यस पटक नेकपा एमालेले तय गऱ्यो। मुलुकको पश्चिमी भूभाग बैतडीको झुलाघाटबाट उक्त यात्रा आरम्भ भएको हो। २०८० मंसिर १४ देखि लगातार उन्नाइस दिनसम्म चलेको यात्रा पुस १ गते पूर्वी भूभाग पाँचथरको चिवाभन्ज्याङमा गएर समापन भएको थियो।

यसको विशेषता राष्ट्रिय चरित्रको थियो। पार्टीविशेषले आयोजना गरेको यस अभियानमार्फत राष्ट्रिय झन्डाको सम्मान र प्रयोग गरेर दलहरू राष्ट्रका लागि हुन् भन्ने मानक मुलुकको राजनीतिमा नेकपा एमालेले स्थापित गऱ्यो।

यो लम्बेयात्राका नेतृत्वकर्ता केपी शर्मा ओलीले यात्रा क्रममा आयोजित सभाहरूमा देशको अवस्था, अर्थतन्त्र, विकास र राष्ट्रियताका बारेमा सम्बोधन गरेका थिए। कटाक्ष र विरोध थिएन। मूलतः परिवर्तनको संस्थागत विकास, जनताको जीवनमा कसरी बदलाव ल्याउन सकिन्छ, देशलाई कसरी विकासको बाटोमा हिँडाउन सकिन्छ र राष्ट्रियतालाई कसरी बलियो बनाउन सकिन्छ भन्नेमै अध्यक्ष ओलीको सम्बोधन केन्द्रित थियो। यस अभियानमा भएका सम्पूर्ण भेटघाट, अन्तरक्रिया वा स-साना कोणसभाहरूमा पनि छलफलका विषयवस्तु यिनै थिए। समग्रमा यो यात्रा राष्ट्रिय मुद्दाहरूमा केन्द्रित थियो।

यस अभियानमा प्रस्ट भयो– जनमत लोकतान्त्रिक गणतन्त्रको पक्षमै छ। पछिल्लो समय देशमा जनता परिवर्तनको पक्षमा छैनन् अर्थात् गणतन्त्रको पक्षमा छैनन् भन्ने पार्न खोजिएको थियो। जनता पछाडि फर्किन चाहन्छन्, राजतन्त्र वा राजसंस्था अपरिहार्य भइसकेको छ, देश जोगाउने, विकास गर्ने र जनताको जीवन बदल्ने राजाले नै हो भन्ने मिथ्या प्रचार प्रतिगामी प्रतिक्रियावादी व्यक्ति, समूह वा कतिपय ससाना दलबाट गैरसंवैधानिक रूपमा भइराखेको थियो। गठबन्धन सरकारको अयोग्यता र अक्षमताका कारण कतै उनीहरूको कुरा सही हो कि जस्तो पनि हुन लागेको थियो। सडकहरूमा उनीहरूकै कर्कश आवाज गुन्जिरहेको थियो।

जब एमालेको यो यात्रा आरम्भ भयो र अध्यक्ष ओलीको सम्बोधनमार्फत पार्टीले राजनीतिक परिवर्तनले स्थापित गरेका मूल्य र उपलब्धिहरूमाथि स्पष्ट विचार अगाडि सार्दै प्रतिगामी कित्ताका नाजायज कदमहरूको भण्डाफोर सुरु गऱ्यो, प्रतिगामी खेमाका सबै कुप्रचार निस्तेज बन्न पुगे। तिनीहरूको चुरीफुरी ठाउँको ठाउँ सेलाउन पुग्यो। यस यात्राको महत्त्वपूर्ण राजनीतिक उपलब्धि र सन्देश यही हो।

जनता भिजन, मिसन र लक्ष्य केन्द्रित दलकै साथमा छन् भन्ने कुरालाई पनि यस यात्राले स्पष्ट पारेको छ। एमालेलाई समेत एउटै डालोमा हालेर भूमिका र योगदान भएका दलहरूविरुद्ध नयाँ हौं भन्नेहरूले विषवमन गरिरहेका थिए। रवि लामिछाने र त्यही प्रवृत्ति बोक्नेहरूले एक हदसम्म जनतालाई भ्रमित गर्न खोजेकै हुन्। यस यात्रामा उर्लिएको जनताको पंक्तिले उनीहरूलाई पनि निष्प्रभावी तुल्याइदिएको छ। यद्यपि संसद्, सडक र सरकार तीनै ठाउँमा उनीहरूका पछिल्ला गतिविधिले उनीहरूप्रति जनविश्वास कमजोर हुँदै गएकै थियो।

नीति, विचार, सिद्धान्त, उद्देश्य र कार्यक्रम नभएकाहरूले एकछिन् त जनतालाई भ्रमित गर्लान् तर यस यात्राका क्रममा उनीहरूबाट देशको नेतृत्व सम्भव छैन भन्ने कुरा स्वयम् जनताले महसुस गरेको अनुभूति भयो।

राजनीतिक परिवर्तनपश्चात् सफलतापूर्वक निर्माणकालको नेतृत्व लिन र आफूलाई एकताबद्ध गर्न नसकेकामा ठूला राजनीतिक दलहरूसँग जनताका गुनासाहरू छन्। यसको अर्थ जनताले उनीहरूसँग सम्बन्ध तोडिसके भन्ने किमार्थ होइन। यस यात्राका क्रममा एमालेलाई जनताले जुन स्वागत र सत्कार गरे, जुन किसिमको आस्था र विश्वास एमालेप्रति प्रकट गरे, यसबाट मौका पाउँदा एमालेले मुलुकको विकास र समृद्धिका निम्ति लिएको विशेष पहलकदमी र परिणामको छाप जनतामा छ भन्ने स्पष्ट देखिएको छ। र, स्टन्टबाजी, सामाजिक सञ्जालको महामारीका पछाडि होइन, स्पष्ट नीति, कार्यक्रम, लक्ष्यसहित सक्षम नेतृत्वसहितको पार्टीकै साथमा जनता छन् भन्ने प्रस्ट भएको छ।

यो यात्राको अर्को सन्देश साझा पहिचानकै पक्षमा जनमत छ भन्ने हो। एकल जातीय पहिचानवादीहरूले यस यात्रालाई अवरोध सिर्जना गर्न अनेकौं हतकण्डा अपनाए। खास गरी कोशी प्रदेशमा उनीहरूले यो हर्कत गरे। सडकमा रूख ढालेर बाटो छेक्न खोजे। प्रदेश बन्दको आह्वान गरेर जनतालाई विरोधमा लैजाने कोसिस गरे। धाकधम्की दिए, आतंक सिर्जना गरे। यद्यपि यी सबैका बाबजुद यात्रा सानदार रूपमा अगाडि बढ्यो। जनताले उनीहरूका ती हर्कतहरूलाई वास्ता गरेनन्। आयोजित सभा र कार्यक्रमहरूमा जनसहभागिता व्यापक भयो।

ओखलढुंगाको हर्कपुर, तेह्रथुमको वसन्तपुर र पाँचथरको फिदिममा आयोजित सभाहरूमा उर्लिएको जनसागरले यस कुरालाई प्रमाणित गरेर देखाइदिए। जनता मिलेर बस्न चाहन्छन्। मुलुकको बहुजातीय सामाजिक संरचनामा एकल जातीय पहिचान सम्भव छैन। साझा पहिचानको आवश्यकताको बोध जनतामा देखिनु देशकै लागि सुखद पक्ष हो। कोशी प्रदेशमा जनताले स्वयम् उपस्थित भएर त्यसको सन्देश दिए। माथि उल्लिखित राजनीतिक सन्देशहरूका अलावा अरू केही महत्त्वपूर्ण उपलब्धि र दृश्यहरूसमेत यस यात्राका क्रममा प्रकट भए।

यस यात्राबाट जनतामा व्यापक आशा र उत्साहको सञ्चार भएको छ। यस सिलसिलामा मुलुकको सर्वाधिक लोकप्रिय पार्टी र त्यसको समग्र शीर्ष नेतृत्व पंक्तिलाई आफ्ना आँखैअगाडि भेट्न, देख्न, सुन्न र सुनाउन पाउँदा जनतामा अपार हर्षको अनुभूति प्रकट भएको सहजै देख्न सकिन्थ्यो। नेताहरू चुनावमा बाहेक गाउँ फर्किन्नन् भन्ने कुरालाई यस यात्राले खण्डन गरिरहेको थियो।

स्थानीय समस्याहरूलाई जनताले धक फुकाएर राखिरहेका थिए। सडक, पुलपुलेसा, खानेपानी, स्कुल, अस्पताल, सिँचाइ, कृषि बजार, रोजगारी आदि समस्याहरू लिखित तथा मौखिक रूपमै पनि राखिरहेका थिए। आफ्ना दुःख बिसाउन पाउँदा उनीहरूमा छाएको हर्षको अनुभूति अनुहारमा पढ्न सकिन्थ्यो। बडो धैर्यपूर्वक जनताका कुरा र समस्यालाई अध्यक्ष ओलीले सुनिरहेका थिए र ग्रहण गरिरहेका थिए। यात्राले गाउँबस्तीहरूलाई उल्लासमय बनाएको थियो।

यस यात्राको अर्को महत्त्वपूर्ण उपलब्धि, मध्यपहाडी पुष्पलाल लोकमार्गको बाँकी निर्माण कार्य सम्पन्न गर्न जबर्जस्त दबाब पैदा भएको छ। पहाडी भूभाग र जनजीवनको विकासको मेरुदण्डका रूपमा रहेको यो राजमार्ग विभिन्न खण्डमा सामान्य ट्र्याक मात्रै खुलेको अवस्था छ। बसाइँसराइ र अविकासको चपेटामा परेको मुलुकको पहाडी भूभागका लागि यस सडकको महत्त्व कति छ, सहजै अनुमान गर्न सकिन्छ। तर पनि सडक निर्माणको गति असाध्यै धीमा छ।

यस सडकमा एमालेको यात्रा हुने भएपछि सरकार र सम्बद्ध अधिकारीहरूलाई दबाब परेको होला, कम्तीमा एउटा गाडी गुड्न मिल्ने गरी भए पनि पूर्वपश्चिम सडक खुलेको थियो। १८ सय ७९ किलोमिटरको यात्रा गर्दैगर्दा सडकको अझै धेरै भाग कच्ची नै देखियो। यात्राको सन्देश र जनताको आवाज छ– सरकारले छिट्टै सडक निर्माण सम्पन्न गरोस्।

यसका अलावा एमालेको आन्तरिक जीवनका लागि पनि सन्देशस्वरूप जनताले सडक र बस्तीहरूमा जम्मा भएर भनिदिए– हामी साथ दिन तयार छौं तर आफैंभित्र अन्तरविग्रह र घात-अन्तर्घात गरेर हाम्रो साथलाई कमजोर र असफल नबनाइदिनू। यात्रामा उपस्थित भएर जनताले एमाले पंक्तिलाई दिएको सल्लाह र चुनौती यही हो। जनताको आवाजलाई एमालेजनले ध्यान दिनु आवश्यक छ।

अभियानका क्रममा मुलुकको वर्तमान अवस्थाको चर्चा गरियो। गठबन्धन सरकारको निकम्मापन, अक्षमताका कारण मुलुकको राजनीतिक, सामाजिक, आर्थिकसहित हरेक क्षेत्र कमजोर हुँदै गएको छ। संसदीय गणित र कांग्रेसको कमजोर राजनीतिले गर्दा भर्खरै राजनीतिक अवस्थामा बदलाव आइहाल्ने स्थिति देखिएको छैन। त्यसैले अवस्था बिग्रिँदाबिग्रिँदै पनि सुधार र परिवर्तनको बाटो खोज्न आगामी निर्वाचन कुर्नैपर्ने हुन सक्छ। त्यो राष्ट्र र जनताका लागि बाध्यात्मक परिस्थिति हो।

आगामी निर्वाचन मुलुक र जनताका लागि असाध्यै पेचिलो छ। जनता अलमलमा पर्नु हुँदैन। सही नीति र कार्यक्रमसाथ मुलुकको गतिशील नेतृत्व एमालेबाहेक अरूबाट सम्भव छैन। त्यसैले 'मिसन ८४' एमालेको मात्रै होइन, देश र जनताको पनि मिसन बन्नुपर्छ। देशी-विदेशी तत्त्वहरूका अनेकन् घेराबन्दीलाई तोड्नुपर्छ। राष्ट्रिय शक्ति मजबुत बनाउन एमालेको अगुवाइमा जनताको पंक्ति एकजुट हुनुपर्छ। यस यात्राका क्रममा जनताले अनुमोदन गरेको एमालेको अपिल यही हो।

यति बेला लोकप्रिय र सबैका साझा नेता 'केपी बा' भएका छन्। यस यात्राका सिलसिलामा देखिएको एउटा गज्जबको दृश्य हो– अध्यक्ष ओलीप्रति जनताको प्रेम र स्नेह। हाम्रो मुलुकमा यस स्तरमा जनताले मन पराएको सामाजिक-राजनीतिक नेतृत्व तहको व्यक्ति सायदै अर्को होला। त्यहाँ कुनै राजनीतिक आस्थाले बाँधेको छैन। उमेर समूहको सीमाबन्दी छैन। 'सबैका बा केपी बा'। बच्चाबच्ची, युवायुवती सबैका प्रिय बा। हुँदाहुँदै आफ्नै उमेर समूहकाले पनि बा भनेको सुनियो। बाजागाजा, विभिन्न संस्कृति झल्किने झाँकीहरू, फूलमाला र सजिएका घडा आदिले हार्दिकतापूर्वक स्वागतसत्कार गरेको देखियो। घरका कौशी र बार्दलीमा बसेर 'केपी बा आई लभ यु' भन्दै चिच्याइरहेको पनि देखियो, सुनियो। सडकमा बसेर हेरिरहेका, पर्खिरहेकाहरू कतिपयले 'केपी बालाई देख्नै पाइएन' भन्दै दुःखेसो पोखेको पनि सुनियो। भेटघाटहरूमा कसैले आफ्ना घरेलु उत्पादनहरू उपहार दिइरहेका थिए त कसैले आफ्नो संस्कृति झल्किने पोसाक लगाइदिइरहेका थिए।

यात्राका क्रममा यसरी नै वडा, पालिका र जिल्लास्तरमा भएका अन्तरक्रियाहरू अधिकांशमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू सामूहिक रूपमा सहभागी भएर छलफल गरिरहेका थिए एवं माग र अवधारणा पत्र हस्तान्तरण गरिरहेका थिए। सडकमा जे देखियो, त्यसको संश्लेषण गर्दा यो यात्रा फगत यात्रा मात्रै थिएन, यो एउटा उत्सव थियो। विकासको बहस थियो र जागरण थियो।

यात्रामा जनताबाट प्रकट भएको अपार श्रद्धा, स्नेह, प्रेम र विश्वासले अध्यक्ष ओलीलाई 'केपी बा' बनाइदिएको छ। अर्थात्, यतिखेर उनी एउटा दलका नेता मात्रै रहेनन्, देश र जनताका अभिभावक बन्न पुगेका छन्। निश्चित रूपमा यसले उनीमाथि दायित्व र अभिभारा पनि थपिदिएको छ। उनलाई सफलता मिलोस्, यसैमा देश र जनताको भलो छ!

अन्त्यमा, झुलाघाट-चिवाभन्ज्याङ समृद्धिका लागि संकल्प यात्रा सफलतासाथ सम्पन्न भएको छ। 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने यसको उद्देश्य थियो। सोही उद्देश्यबमोजिम स्थानीय जनतासँग सम्बन्ध स्थापित गर्न र राष्ट्रिय सन्देश प्रवाह गर्न यात्रा सफल छ।

*-भट्टराई एमालेका पोलिटब्युरो सदस्य हुन् ।* -कान्तिपुर

## महाराजगंज नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**बिषय : बोलपत्र स्वीकृत गर्न आशय सम्बन्धी सुचना ।**
प्रकाशित मिति २०८०/०९/०६

यस कार्यालयको तपशिल बमोजिम मिति २०८०/०७/१० बिद्धुतीय मध्यमबाट निर्माण कार्य लागी राष्टीय दैनिक पत्रिकामा सार्वजनिक सुचना मार्फत बोलपत्र आव्हान गरिएकोमा bolpatra.gov.np मा रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताहरुले पेश गरेका दरभाउपत्र न्युनतम मुल्यांकिंत तथा सारभुत रुपमा प्रभावकारी रहेका भनि बोलपत्र मुल्याकंन समितिबाट सिफरिस भै आएको हूदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धितहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्न ७(सात) दिने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | सूचना प्रकाशित मिति | ठे.न. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | २०८०/०७/१० | 6-MM/KPIL/BDG/Works/080/081 | Shree Falhari Baba Bhahumukhi Campus 12 Kothe Bhawan Nirman | New Chaudhari Nirman Sewa Mayadevi-2,Kapilvastu | ७,४१०,९५९।२४ |

प्रमुख प्रशासकीय अधिकृत

## कृष्णनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :- २०८०/०८१ फोन नं.:- ०७६-५२०१४७
चलानी नम्बर :- फ्याक्स नं.:- ०७६-५२०६८४

**सेवा करार पदपूर्ति लागि दरखास्त आव्हानको सूचना।**
**प्रथम पटक सूचना प्रकाशित मिति:- २०८०।०९।०२**

यस कृष्णनगर नगरपालिकाको तपसिलका पदमा सेवा करारमा लिनुपर्ने भएकोले तोकिएको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुको यो सूचना प्रकाशनभएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएका सम्पूर्ण कागजात संलग्न गरि दरखास्तदिनु हुनु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| वि.नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| ५/०८०-८१ | एम.आई.एस. अपरेटर | सहायक पाँचौं सरह | १(एक) | |

**ययोग्यता:-**

- **न्युनतम योग्यता**
  - एम.आई.यस अपरेटर :-मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उत्तीर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना कम्प्युटर सम्बन्धि तालिम प्राप्त गरेको।
  - स्थानीय तहमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत एम.आई.यस अपरेटर पदमा कम्तीमा १(एक वर्ष) कार्य गरेको।
- **उम्मेदवारको उमेरको हद:-** दरखास्तदिने अन्तिम मितिमा १८ वर्ष पुरा गरि ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको।
- **दरखास्त दिने स्थान :-** कृष्णनगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा।
- **दरखास्त दिने अन्तिम मिति :-**मिति २०८०।०९।१७ गते कार्यालयसमय भित्र अन्तिम दिन सार्वजनिक विदा भएमा सो को भोलिपल्ट वा कार्यालय संचालन भएको दिनको कार्यालय सयय भित्र।
- **दरखास्त दस्तुर :- सहायक** पाँचौं सरहको लागि रु.७०० नगदै वा यस नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०१४०३००००००१००१००००००१ मा जम्म गर्न सकिन्छ।
- **परीक्षा किसिम :-** योग्यताक्रमको सुची प्रकाशन भइ प्रथम चरण लिखित परीक्षा द्वतीय चरणा प्रयेगात्मक परीक्षा तथा अन्तर्वार्ता परीक्षा।
- **आवेदन साथ संलग्न कागजात :-**

  क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
  ख) पासपोर्ट साईजको फ़ोटो (हालसाले खिचेको)
  ग) दरखास्त दस्तुर बुझाएको रसिद/बैंक दाखिला गरेको भौचर
  घ) तोकीएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
  ङ) काम सँग सम्बधित अनुभव भए सोको कागजात प्रमाणपत्रको प्रतिलिपि
  च) तालिम भएको हकमा तालिम प्रमाणपत्रको प्रतिलिपि
- **करार अवधि:** सम्झौता बमोजिम।
- **सेवा सुविधा तथा अन्य:** नगरपालिकाको कार्यालयले तोके बमोजिम।
- **परीक्षा मिति:** प्रारम्भिक योग्यताक्रमको सूचि (Short List) प्रकाशन गर्दा अन्य परीक्षाको मिति तय गरिनेछ।
- आवेदनको ढाँचा यस कार्यालयको वेवसाइट www.munkrishnangar.gov.np बाट प्राप्त गर्न सकिने छ।

रमेश गौतम
प्रमुख प्रसशाकीय अधिकृत

# व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विषयक कार्यशाला



बुटवल ५ पुस

रुपन्देही उद्योग संघ र दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (इन्स्योर दोश्रो-चरण) को सहकार्यमा र सिप विकास इकाइको आयोजनामा सम्बद्ध उद्योग तथा कम्पनीको सर्म्वद्धन र प्रर्वधनमा सहयोग पु-याउने उद्धेश्यले आयोजना गरिएको ३ दिवसीय व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विषयक तालिमको समापन गरिएको छ। समापनकाबीच सहभागहीरुलाई प्रमाणपत्र वितरण गरिएको छ।

कार्यक्रमको समापन मन्तव्य राख्दै रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटाले यस तालिममा सहभागि हुनु भएका प्रशिक्षार्थीहरुको अभ्यास तथा उनीहरुको सिकाइ क्षमता अभिवृद्धि गर्ने कार्यका थप प्रगती भएको साथै सिकेका कुराहरु व्यवहारमा लागु गर्न सहभागिहरुलाई उत्प्रारित गर्दै आ आफ्नो उद्योगमा सुरक्षा र स्वास्थ्यका जोखिमहरु कम हुनुका साथै सुधारात्मक योजनाहरु निर्माण हुने विश्वास व्यक्त गर्नु भएको थियो।

उद्योग संघको योगदान रहने विश्वास दिलाउनु भयो साथै उद्योग सँग सम्बन्धित आबश्यक जनशक्तिको क्षमता अभिवृद्धि गर्न उपयुक्त तालिमको पहिचान गरी पाठ्यक्रम निर्माण गरी सिप अभिवृद्धि तालिमहरु संचालनलाई निरन्तरता दिने जानकारी दिदै तालिमका सहभागिहरुलाई स्वागत गर्दै तालिम अपेक्षित उपलब्धिमूलक वनोस भन्दै सफलताको शुभकामना दिनु भएको थियो।

प्रमुख प्रशिक्षक दिनेश शाहले यस तालिम अवधिमा उद्योग व्यावसायमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको महत्व,श्रम ऐन,समस्याहरुको पहिचान,जीवन रक्षा,व्यवस्थापकीय प्रणाली विद्युतीय,रसायन आदिवाट सुरक्षित हुने उपायहरु लगायतका विषयमा तालिमका सहभागिहरु सचेतना अभिवृद्धि गरी संभावित दुर्घटनावाट उद्योग तथा त्यहाँ रहेका जनशक्तिको सुरक्षा र स्वास्थ्यमा सम्वर्द्धन र प्रर्वद्धन गर्न प्रशिक्षर्थीहरुको क्षमता विकास भएको समापनका अवसरमा बताउनु भएको थियो। पौष ३ गते देखि संचालन भएको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य तालिमको समापनको अवसरमा कार्यक्रममा सहभागीको तर्फबाट माधब ढकालले व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विषयमा व्यवसायीहरु राम्रो गरी सचेतना अभिबृद्धि भएको, आफूहरुले सिकेका कुरा व्यवहारमा उतार्ने र उद्योग तथा कम्पनीमा सिकेका कुराहरु लागू गर्ने भनाई राख्नु भएको थियो।

रुपन्देही उद्योग संघका प्रमुख कार्यकारी अधिकृत यादव प्रसाद भण्डारी र सिप विकास इकाइका कार्यक्रम संयोजक खिमानन्द रिजाल र २० वटा उद्योग प्रतिष्ठानवाट २५ जना सहभागिता रहेको समापन कार्यक्रमको संचालन महासचिव हिरामणी भटराइले गर्नु भएको थियो।

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र
कपिलवस्तु

फोन नं. ०७६-५६००६३
ई-मेलः akckapilvastu@gmail.com
kapilvastu.akc.gov.np

प.सं. २०८०।८१
च.नं.

प्रथम पटक प्रकाशन मितिः २०८०।०९।०६

विषयः सिलबन्दी दरभाउ (कोटेशन) पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा यस कृषि ज्ञान केन्द्र कपिलवस्तुको वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यकता अनुसार बीउ बिजन खरिद गर्नु पर्ने भएकोले सूचना प्रकाशन भएको मिति देखि १५ दिन भित्र (मिति २०८०/०९/२० गते सम्म कार्यालय समय भित्र) मा तपसिलको कागजात सहित यस केन्द्रबाट स्वीकृत गरिएको दरभाउ (कोटेशन) फारम रु. १०००।— एक हजार मात्रमा खरिद गरी सोहि बमोजिम उपलब्ध गराउन सकिने बीउ विजनको दरभाउ पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः
१. संस्थाको दर्ता/नवीकरण भएको प्रमाण-पत्रको फोटोकापि।
२. करचुक्ता प्रमाण-पत्रको फोटोकापि।
३. सम्बन्धित वीउ विजनको कारोवार गर्ने इजाजत पत्रको फोटोकापि ।
४. दरभाउ (कोटेशन) फाराम यस केन्द्रबाट नगदै तिरी खरिद गर्ने।
५. बीउ विजन कारोवार हुने विवरण (स्वदेशी वीउ विजन)

| क्र.सं. | विवरण | आवश्यक परिमाण के.जी. | रकम रु. |
|---|---|---|---|
| १ | स्वदेशी हाइब्रिड मकैको बीउ | १९५० | १४३००००।— चौध लाख तीस हजार मात्र। |
| २ | मंगको बीउ | १८० | |
| ३ | करेलाको बीउ | ५ | |
| ४ | बोडीको बीउ | ७२ | |
| ५ | लौकाको बीउ | १.५ | |
| ६ | भिण्डीको बीउ | २६ | |
| ७ | फर्सीको बीउ | ०.५ | |
| ८ | घिरौलाको बीउ | ०.५ | |
| ९ | तोरइको बीउ | ०.६ | |
| १० | टमाटरको बीउ | ०.०४ | |
| ११ | प्याजको बीउ | ५ | |
| १२ | काक्रोको बीउ | ४ | |

नोटः खरिद हुने परिमाणमा १०-१५ प्रतिशत सम्म घटी बढी हुन सक्नेछ।

कार्यालय प्रमुख

महिला हिंसाको अन्त्य गरौं शून्य सहनशीलत कायम गरौं
अनुरोधक :-
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

सफासँग हात धोएर मात्र खाना खाने गरौं
अनुरोधक :-
विजयनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं
अनुरोधक :-
सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरूलाई पनि जोगाऔं
अनुरोधक :-
सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

खानेपानीका मुहानहरू सफा राखौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरूलाई पनि जोगाऔं
अनुरोधक :-
यशोधरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं राष्ट्रिय स्वाभिमानको रक्षा गरौं
अनुरोधक :-
कञ्चन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

रूख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाऔं
अनुरोधक :-
शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

धुम्रपान र मद्यपानबाट टाढा रहौं,सुखी र स्वस्थ्य जीवन बिताऔं
अनुरोधक :-
बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुमही,पश्चिम नवलपरासी

आफ्नो घर र व्यवसायमा वालवालिकालाई श्रममा नलगाऔं , अरूलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौं
अनुरोधक :-
गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

# जस्तापाता बोकेको ट्याक्टर दुर्घटना पाँचले ज्यान गुमाए



रुकुम पश्चिम ५ पौष

रुकुम पश्चिमको आठबीसकोट नगरपालिकामा ट्र्याक्टर दुर्घटना पाँचजनाको मृत्यु भएको छ।

आठबीसकोट नगरपालिकाको राडिबाट घर्ती गाउँ जाँदै गरेको ट्याक्टर गएराति १० बजेतिर ट्याक्टर दुर्घटनामा परी आठबीसकोट-१० नाउलाका ४६ वर्षीय लोकबहादुर शाही र उनकी श्रीमती ४२ वर्षीया लुकी शाहीको मृत्यु भएको हो।सोही वडाको डाँडा भन्ने स्थानका ५२ वर्षीय भर्दार सार्की, ४८ वर्षीय धनराम सार्की र ४७ वर्षीया निर्मला सार्कीको मृत्यु भएको हो।

रुकुम पश्चिम आठबीसकोट नगरपालिका-१० पिरिकोटबाटवडा नम्बर ८ स्थित घर्तीगाउँ जाँदै गरेको भूकम्पपीडितको जस्ता पाता बोकेको रा १ त १४ ट्याक्टर घुम्ती मोड्न खोज्दा दुर्घटना भएको आठबीसकोट इलाका प्रहरी कार्यालयले जनाएको छ। दुर्घटनामा ९ जना घाइते भएका छन्।

आठबीसकोट ८ खडकबहादुर दलबहादुर पुन , कुमार घर्ती, रमा गुरुङ, जगवीर सार्की, जयबहादुर घर्ती, मने सार्की, मदन पुन घाइते भएका हुन्।

यस्तै वडा नम्बर १० का रमेश सार्की पनि घाइते भएका छन।

नेपाल प्रहरी, नगर प्रहरी र स्थानीयको सहयोगमा घाइतेहरूको गएराति नै उद्दार गरेर आठबीसकोटमा रहेको अस्पतालमा भर्ना गरिएको छ।

घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन।

दुर्घटनापछि ट्याक्टरका चालक आठबीसकोट ९ का २१ वर्षीय गोपाल विक फरार रहेको प्रहरीले जनाएको छ।

# पिएम कप क्रिकेट प्रतियोगीताकालागि छनौट सुरु

कपिलवस्तु ५ पुस

पिएम कप - प्रधानमन्त्री कप पुरुष क्रिकेट क्रिकेट प्रतियोगीताकालागि कपिलवस्तुमा खेलाडीको छनौट प्रकृया सुरु गरिएको छ। जिल्ला क्रिकेट संघले तौलिहवा स्थित बुद्धपदम उमाबिको खेल मैदानमा खेलाडीको छनौट सुरु गरेको हो । खेलाडी छनौटकालागि संघका जिल्ला उपाध्यक्ष बिश्वेन्द्र सिंह रावलको संयाजकत्वमा ३ सदस्यीय समिति गठन गरी छनौट प्रकृया अघि बाढइएको संघका जिल्ला अध्यक्ष प्रकाश गैरले बताए। समितिमा संघका सचिव अजय शर्मा र पदमराज श्रेष्ठ रहेको छन । छनौटकालागि आबेदन दिएका खेलाडीहरुलाई ४ टिम बनाई खेल खेलाएर छनौट अघि बढाइएको संयोजक रावलले बताए । छनौट बिहीवार र शुक्रवार गरी २ दिन हुनेछ। खेलाडीको प्रर्दशनका आधारमा कुल १४ जना खेलाडी छनौट गरिनेछ । बाकी २ जना भने बैकल्पीक खेलाडी समेत छनौट गर्ने कार्यक्रम छ। छनौट भएका खेलाडीहरुको नामावली प्रकाशन गरीनेछ। ती खेलाडीहरुले पुस २२ गते लुम्बिनी प्रदेश स्तरीय छनौटमा सहभागीता जनाउने छन । प्रदेशमा छनौट भएका खेलाडीहरुले मात्र पिएम कप क्रिकेटमा सहभागी हुन पाउने अध्यक्ष गैरले बताए। बिहीवार सम्म ३६ खेलाडीले छनौटकालागि आबेदन दिएका छन।





## सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


# महाराजगञ्जको १४ औं नगरसभा




कपिलवस्तु ५ पुस

कपिलवस्तुको महाराजगंज नगरपालिकाका मेयर अब्दुल कलामले नगरपालिकाको आर्थिक संबृद्धिका लागि यस बर्ष देखि ५ वटा ठुला पुर्वाधारका कार्यक्रम संचालन गरिएको छ । नगरपालिकाको १४ औ नगर सभाको सुभारम्भ गर्दै मेयर कलामले सो कुराको जानकारी दिएका हुन।

उनले आफुले टुक्रे र स- सना योजना भन्दा ५ वटा ठुलो योजनाको सुभारम्भ गरेको जानकारी दिए । ती योजनाहरु ३ बर्षमा संपन्न गर्ने योजना छ। ३ करोड ६० लाखको अनुमानित लागत रहेको शान्ति नगर जितपुर दक्षिण कन्चनीया पुल सम्म कालो पत्र सडक, ३ करोड ६० लाख कै हुलाकी सडक दक्षिण ईट्राल सम्म सडक कालो पत्रे निर्माण गरिनेछ।

२ करोड ३३ लाखको सोनबर्षा मुल सडक देखि कठौतिया सम्म सडक स्तरउन्नती, वडा नम्बर ५ सोनबर्षा कार्यालय देखि दुरुवा हुदै हुलाकी फिडर निर्माण तथा फलहारीबावा बहुमुखी क्याम्पसमा १२३ कोठे भवन निर्माण गरिनेछ।

यी सबै योजनााहरुको टेन्डर निकालिएको र यसै बर्ष देखि काम सुरु हुनेछ। उनले शिक्षा स्वास्थ्य क्षेत्रको समेत यस बर्ष थुप्रै काम हुनेछ।

पुरानो पहिचान भए पनि विकासमा पछि परेको महाराजगंजको भौतिक र आर्थिक विकासकालागि आफनो बाकी रहेको साढे ३ बर्ष कार्यकालमा काम काम गर्ने प्रतिबद्धता ब्यक्त गरे । आन्तरिक आय नभएको र बिगतको तुलनामा केन्द्र र प्रदेश सरकारले बजेट बिनियोजन नगरकोले काम गर्न काह्रो परेको पनि आफुले आट गरेर काम अघिबढाएको मेयर कलामले बताए।

चालु आर्थिक बर्षको मंसिर महिना सम्म नगरपालिकाको आन्तरिक आय १७ लाख मात्र संकलन भएको छ । सभाका वडाध्यक्षहरुले मेयरले कामकाज गर्दै आफुहरुसंग समते समन्वय गर्नु पर्ने बताएका थिए। वडाध्यक्ष कै मागका आधारमा वडाको आम्दानीलाई बित्तिय समानीकरणमा पठाउन समेत मेयर कलामले निर्देशन दिएका थिए । कार्यक्रममा नगरपालिकाको प्रगति प्रतिबेदन समेत प्रस्तुत गरिएको थियो। कार्यक्रममा बजेटको संशोधन प्रस्ताव समेत पारित गरिएको छ।

मेयर कलामको अध्यक्षता र बृजशे यादवको संचालनमा भएको कार्यक्रममा प्रमुख प्रशाकीय अधिकृत रबिन्द्र चौधरी, वडा नम्बर १ का अध्यक्ष प्रमोद चौधरी, ९ का वडाध्यक्ष फरिमद अहमद मुसलमान, वडा नम्बर ८ का अध्यक्ष योगेन्द्र कुमार केसी लगायतले पालिकाकामा प्रभावकारीरुपमा काम अघि बढाउनु पर्नेमा जोड दिएका थिए।

# पाल्पामा आप्रवासी स्रोत केन्द्र




पाल्पा ५ पुस

आफ्नो जीविकोपार्जनकै लागि भनेर देश छाडी कमाउन वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या धेरै छ। पछिल्लो समयमा नेपाली यूवाहरुले प्रयाप्त सूचना र जानकारी विना जादा विदेशमा दुख पाएका घटनाहरु दिनप्रतिदिन बढ्दै गएकाले यस्ता समस्या र चूनौतीलाई सहजकीरण गर्न पाल्पामा तानसेन नगरपालिकाले पहरेदारको भूमिका थालेको छ । जिल्ला प्रशासन कार्यालय पाल्पामा आप्रवासी स्रोत केन्द्र (सहायक कक्ष) को समुद्घाटन गरीएको छ । स्रोत केन्द्र आफैं समस्याको समाधान गरिदिने निकाय नभए पनि सम्बन्धित निकायसम्म पहुँच बनाइदिने काम र त्यो पहुँच बनेपछि सेवा प्राप्त गर्न जेजस्तो सहयोगहरू आवश्यकता पर्छ त्यो सहयोग पनि स्थानीय सरकारले गर्ने भएकाले विदेश जान लाग्नुभएकाले यसमा परामर्श लिन पर्ने तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठले बताउनुभयो। यस्तै कार्यक्रममा तानसेन नगरपालिकाका उपप्रमुख प्रतिक्षा सिंजाली, , जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल , कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले ,तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जिवन ज्ञवाली, तानसेन नगरपालिकाका बरिष्ठ अधिकृत भरत आचार्यले बोल्दै वैदेशिक रोजगारीमा जानेहरूसँग जति सूचना र जानकारी हुनुपर्ने हो त्यो नभएकोले विभिन्न समस्या आएकाले र जोसँग काम गर्छ उहाँहरू कतिपय अवस्थामा विविध कारणले गर्दा “पर्याप्त” औपचारिक शिक्षाको पहुँच बाहिरका व्यक्तिहरूसमेत रहने भएकाले त्यस्ता व्यक्तिलाई कहाँ जाने कसले आफूलाई चाहिएको सूचना र जानकारी दिन्छ भन्ने पनि थाहा नभएकोले प्रशासनमै सहायक कक्ष स्थापना गरीएको बताउनुभएको थियो।




कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही